**नेपाल बार एशोसिएशन**
रामशाहपथ, काठमाडौं
फोन नं. : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३९
इमेल : info@nepalbarassociation.org.np
neba@nepalbar.org.np
वेब : www.nepalbar.org.np

प.सं.

नेपाल संवत् ११४६ मिति: २०८३ जेठ २० गते

**केन्द्रीय कार्यसमिति**
(२०८२-२०८५)

**अध्यक्ष**
वरिष्ठ अधिवक्ता प्रा.डा. विजयप्रसाद मिश्र

**उपाध्यक्ष**
अधिवक्ता पदम प्रसाद लिम्बु
अधिवक्ता भूपेन्द्र खनाल
अधिवक्ता सरस्वती श्रेष्ठ
अधिवक्ता अजय शंकर झा "रुपेश"
अधिवक्ता विवसकुमार बस्नेत
अधिवक्ता कृष्ण प्रसाद पोखरेल
अधिवक्ता तेज बहादुर रावल
अधिवक्ता सिद्ध राज ओझा

**महासचिव**
वरिष्ठ अधिवक्ता केदार प्रसाद कोइराला

**कोषाध्यक्ष**
वरिष्ठ अधिवक्ता जगत बहादुर कार्की

**सचिव**
अधिवक्ता बाबुराम अर्याल

**सदस्यहरु**
वरिष्ठ अधिवक्ता राजकुमार श्रेष्ठ
अधिवक्ता मंगल सुन्दर शिल्पकार
अधिवक्ता किरण न्यौपाने
अधिवक्ता शारदा गुरुङ
अधिवक्ता दमन बहादुर चन्द
अधिवक्ता सूर्य कुमार यादव
अधिवक्ता डा. मुकुन्द अधिकारी
अधिवक्ता रंजिता कार्की
अधिवक्ता माधव मैनाली
अधिवक्ता रिंकु कुमारी यादव
अधिवक्ता किरण पौडेल
अधिवक्ता इन्दिरा आचार्य
अधिवक्ता चिरञ्जीवी तिल्क्यानी

# प्रेस विज्ञप्ती

नेपाल बार एशोसिएशन आफ्नो स्थापनाकालदेखि नै संवैधानिक सर्वोच्चता, विधिको शासन, मानव अधिकार, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका, प्रेस स्वतन्त्रता, व्यावसायिक हक-हित संरक्षण र प्रवर्धनको पक्षमा सदा क्रियाशील रही आएको सबै सामु प्रष्ट नै रहेको छ ।

राष्ट्रिय मानव अधिकार आयोगबाट गत साल अर्थात् २०८२ भदौ २३ र २४ गतेको घटनालाई अनुसन्धान गरी सार्वजनिक गरिएको भनिएको प्रतिबेदनका सम्बन्धमा यस एशोसिएशनको गम्भीर ध्यानाकर्षण भई देहाय बमोजिमको प्रारम्भिक सरोकार राख्दछौं ।

१. अनुसन्धान तथा छानविन गर्ने राष्ट्रिय मानव अधिकार आयोगका सदस्य श्री लिली हजुर बस्न्यात (थापा) को संयोजकत्वमा गठित समितिले सार्वजनिक गरेको प्रतिवेदन र सिफारिसको आधिकारिक प्रति यस एशोसिएशनमा उपलब्ध गराईदिनका लागि राष्ट्रिय मानव अधिकार आयोगसँग आग्रह गर्ने,

२. विगतमा गरेका कार्यका लागि पश्चातदर्शी असर पर्ने कानून बनाई संविधान र कानूनलाई प्रभावमा पार्ने कार्यको विरोध गर्दै यस्ता कार्यहरू प्रारम्भ भए भने प्राकृतिक न्याय र कानूनी राजको अन्त्य यही बिन्दुबाट हुने र सो कार्य **नेपालको संविधान, मानव अधिकार घोषणपत्र, १९४८ र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६** समेतको विपरित हुने देखिन्छ,

३. पश्चातदर्शी कानून बनाउँदै नागरिक एवम् प्रशासनिक क्रियाकलापलाई अपराधीकरण गर्दै जाने हो भने प्रतिशोधपूर्ण एवम् स्वेच्छाचारी शासन प्रारम्भ हुने कुरालाई मनन नगरी संवैधानिक अङ्गले संविधान प्रतिकूलको सिफारिस गर्नु आश्चर्यजनक छ,

४. आयोगको प्रतिवेदन विस्तृत नभई छनौटपूर्ण रहेको यस एशोसिएशनको प्रारम्भिक निर्क्योल रहेको र सो प्रतिवेदन अध्ययन गर्न नेबाए- मानव अधिकार तथा जनसरोकार समितिमार्फत अध्ययन गरी उक्त समितिले प्रस्तुत गर्ने प्रतिवेदन पश्चात् तत् सम्बन्धमा नेबाएको अवधारणा सार्वजनिक गरिनेछ,

अन्त्यमा, तथ्यपरक नभई निर्देशित र सस्तो लोकप्रियताको लागि प्रकाशन गरिने प्रतिवेदनहरूले उन्नत समाज निर्माण गर्न सघाउ नपुऱ्याउने हुँदा सबै तह र तप्काबाट यस्ता कार्यहरूको भद्र विरोध र रचनात्मक आलोचना गरी सकारात्मक सन्देश प्रवाह गर्न यस एशोसिएशन तत् तत् निकायहरूसँग हार्दिक अपिल गर्दछ ।

वरिष्ठ अधिवक्ता केदार प्रसाद कोइराला
महासचिव